प्रो. भूपाल राई
न्यू धरान आल्मुनियम एण्ड स्टिल वर्कसप
धरान -७ बुद्धमार्ग (राजेश पेट्रोल पम्प)
हाम्रो सेवाहरु : आल्मुनियम भ्याल ढोका, अफिस पार्टेशन, ग्लेजिङ्, स्टिल रेलिङ्, जिप्सम बोर्ड, टायल मार्बलको काम सुपथ मूल्यमा गरिन्छ ।

आौजार प्रकाशन सहकारी संस्था लिमिटेडद्वारा प्रकाशित
श्रमजीवीप्रति समर्पित
# औजार
aujarnews.com
AUJAR NATIONAL DAILY
राष्ट्रिय दैनिक पत्रिका

मोती ज्वेलरी
Kalyan Jwellers
Dharan2, Sunsari, Koshi, Nepal
Prop. Balkumar Shanker
Contact: 9852049647, 025522959/526870

वर्ष: १४ | अङ्क: ३२९ | २०७६ असार १२ गते बिहीबार (June 27, 2019, Thursday) | मूल्य: ५/-

# पाख्रीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# धनकुटा, प्रदेश नं. १, नेपाल

# शिलबन्दी दरभाउपत्र सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७६/०३/१२)

यस कार्यालयबाट तपसिलमा उल्लेखित कार्य खरिद प्रक्रियाबाट संकलन गराउनु पर्ने भएकोले इच्छुक योग्यता प्राप्त व्यक्ति, फर्म, कम्पनी, आधिकारीकबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्बक शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु:**

१. इच्छुक योग्यता पुगेका शिलबन्दी दरभाउपत्रदाताले १५ औं (२०७६/०३/२६ गते) दिन कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरी तपसिल बमोजिमको नगदै तिरेको नगदी रसिद साथ २०७५/७६ को लागि नबिकरण भएको इजाजतपत्र, स्थायी लेखा नम्बर र आ.ब.२०७४/०७५ को कर चुक्ता गरेको प्रमाणपत्र प्रतिलिपी संलग्न राखी दरभाउ पत्र खरिद गर्न सकिनेछ ।

२. शिलबन्दी दरभाउपत्र १६ औ (२०७६/०३/२७ गते) दिनको १२:०० बजे भित्रमा दर्ता गराई सक्नुपर्नेछ । प्राप्त दरभाउपत्रहरु सोही दिनको २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहबरमा यस कार्यालयमा नियमानुसार खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउपत्रहरु खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र साथ तपसिलमा उल्लेखित धरौटी बापतको रकम यस कार्यालयको NIC ASIA BANK LTD, शाखा कार्यालय हिले स्थित धरौटी खाता नं. ८८CA५०२६४७५२४००३ मा नगदै दाखिला गरेको सक्कल भौचर वा कम्तीमा ७५ दिनको म्याद भएको मान्यता प्राप्त क बर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल बिडबण्ड (Bank Guarantee) पेश गर्नुपर्नेछ ।

४. बजारको सरसफाई गर्ने दायित्व प्रस्तावदाता कै हुनेछ ।

५. दरभाउपत्र भर्दा प्रत्येक आइटमको दररेट अंक र अक्षरमा स्पष्ट हुने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. रित नपुगी वा म्याद नाघी आएको शिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

७. शुल्क संकलन गर्दा प्रयोग हुने रसिद सम्बन्धीत पक्षले छपाउनु पर्नेछ र सो रसिद न.पा.बाट प्रमाणित गराई मात्र प्रयोग गर्न पाइनेछ ।

८. दर्ता भएका शिलबन्दी दरभाउपत्र आंशिक वा पुर्ण रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. प्रचलित कानून बमोजिम संघीय सरकार/प्रदेश सरकार लाई तिर्नु र बुझाउनु पर्ने कर सम्बन्धीत पक्षले तिर्नुपर्नेछ ।

१०. दरभाउपत्र पेश गर्दा पेस गर्नेको पत्राचार ठेगाना, सम्पर्क फोन नं., फ्याक्स नं. वा इमेल स्पष्टसँग लेख्नुपर्नेछ ।

११. दरभाउ पत्र पेश गर्दा खामको बाहिर माथी पेश गर्ने फर्म, कम्पनीको नाम र कामको विवरण लेखी तल यस कार्यालयको नाम लेख्नुपर्नेछ ।

१२. यस सूचनामा उल्लेख नभएको अन्य कुराहरुको हकमा सार्बजनिक खरिद ऐन २०६३, सार्बजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१३. कबोल रकममा सम्झौता भएपछि जुनसुकै कारण भए पनि कुनै प्रकारको छुट/सुबिधा उपलब्ध गराईने छैन ।

१४. प्रस्तावदाताले प्रस्ताब गरेको रकम एकमुष्ट रुपमा सम्झौता भएको दिन बुझाएमा स्वीकृत रकमको ५% छुट दिइनेछ । दरभाउपत्र स्वीकृत हुने प्रस्तावदाताले आर्थिक वर्ष भित्र स्वीकृत हुने रकमको पूर्ण वा आंशिक (३३%) रकम एक चौमासिकमा कम्तिमा एक पटक बुझाउनु पर्नेछ ।

१५. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | लई रकम (भ्याट बाहेक) | धरौटी रकम | दरभाउ पत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | PKBSMUN/075/76/08 | पाखीबास न.पा.४ स्थित साप्ताहिक हाटबजारमा शुल्क संकलन गर्ने | रू. २,०६,७००/- | रू. ७०००/- | रू. १००० /- | |

प्रमुख प्रशासकीय अधिकृत